# दलित नागरिक समाजद्वारा काठमाण्डौमा आयोजना गरिएको चक्काजाम कार्यक्रममा भएको प्रहरी दमन तथा हस्तक्षेप विरुद्ध जारी गरिएको

## प्रेस-विज्ञप्ती

आदरणीय पत्रकार मित्रहरु,

दलित नागरिक समाज काठमाण्डौद्वारा आज मिति २०६९ साल बैशाख २५ गते नयाँ बन्ने संविधानमा दलित अधिकारको सुनिश्चितताको लागि ***"राज्यका सम्पूर्ण निकायहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वमा थप क्षतिपूर्ति सहित कम्तीमा २० प्रतिशत प्रतिनिधित्व हुने संवैधानिक व्यवस्था गरियोस् । उक्त प्रतिनिधित्वमा दलित महिलाको प्रतिनिधित्व ५० प्रतिशत सुनिश्चित गरिनु पर्ने, निर्वाचन प्रणालीमा ६० प्रतिशत समानुपातिक र ४० प्रतिसत प्रत्यक्ष गरी मिश्रित निर्वाचन प्रणाली कायम गरियोस् । उक्त दुवै निर्वाचन प्रणालीमा क्षतिपूर्ति सहित दलित समुदायको कम्तिमा २० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरियोस् । उक्त प्रतिनिधित्वमा दलित महिलाको प्रतिनिधित्व ५० प्रतिशत सुनिश्चित गरिनु पर्ने, सार्वजनिक र निजी स्थानमा गरिने जातीय विभेद तथा छुवाछूतलाई जघन्य सामाजिक अपराधको रुपमा संविधानमा नै किटान गरिनु पर्ने, दलित समुदायबाट राष्ट्राध्यक्ष, उपराष्ट्राध्यक्ष र प्रधानमन्त्री बन्ने शासकीय स्वरुपको ग्यारेण्टी गरियोस् र उक्त ३ पद मध्ये कुनै एक पदमा दलितको प्रतिनिधित्व अनिवार्य हुने सुनिश्चित गरियोस् । साथै संवैधानिक निकायहरुमा दलितको अनिवार्य प्रतिनिधित्वको सुनिश्चित गरिनु पर्ने र समग्रतामा राज्यको पुर्नसंरचना गर्दा दलित समुदायका लागि भौगोलिक राज्य सुनिश्चित गरिनु पर्ने"*** मागहरु राख्दै आयेजना गरिएको शान्तीपूर्ण, पूर्व निर्धारित आन्दोलनका कार्यक्रम अनुसार देश भर आयेजना गरिएको चक्काजाम कार्यक्रममा, विहान १० बजेदेखि ११ बजेसम्म काठमाडौंको बबरमहल क्षेत्रमा प्रहरीद्वारा दमनगरी तपशीलमा उल्लेखित दलित नागरिक समाजका व्यक्तित्वहरुलाई गिरफ्तार गरी लगिएकोमा दलित नागरिक समाज कैलालीका तर्फबाट घोर भर्त्सना गर्दै शीघ्र रिहाईको माग सहित यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

**गिरफ्तारतारीमा परेका व्यक्तिहरुको नामावली:**

गजाधर सुनार-दलित गै.स.स.महासंघ, दुर्गा सोव - दलित महिला संघ, भक्त विश्वकर्मा-नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, त्रिलोक चन्द्र विश्वास वि.क- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, चत्रमान विश्वकर्मा- दलित सेवा संघ, कुल बहादुर विश्वकर्मा- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, मिना देवी सोव- प्रतिभा समुह धनगढी, राज ब. सार्की (नेपाली)- चलचित्र निर्देशक, जुम्ला, जेवी विश्वकर्मा- दलित गै.स.स.महासंघ, राम बहादुर तिरुवा-FPDC, शंकर सुनार- दलित सेवा संघ, विष्णु परियार-सिप सृजना, गोकर्ण परियार, गोपाल सुनार- ACE Nepal, रवि सेञ्चुरी- ACE Nepal, अर्जुन वगाले-COCAD, दिपेन्द्र पासवान-जागरण मिडिया सेन्टर, अमर सुनार-दलित जागरण केन्द्र, नरेश सोव, कला स्वर्णकार-दलित महिला संघ, गीता अर्याल (विश्वकर्मा)- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, रेणु सिंजापती- दलित महिला संघ, भीम बहादुर विश्वकर्मा- दलित महिला संघ, कमला विश्वकर्मा-दलित महिला संघ, तुलासा गौतम- DEON, प्रशान्त कुमार वि.क.- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, निर्मल कुमार विश्वकर्मा-IDSN Nepal, अञ्जान परियार- सिप सिर्जना उत्थान तथा विकास केन्द्र, सन्तोष विश्वकर्मा, अम्विका गज्मेर- दलित महिला संघ, कमला हेम्चुरी- PDRC

तपसिल:

१. दलित गैर सरकारी संस्था महासंघ, क्षेत्रिय कार्यालय धनगढी, कैलाली
२. नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, जिल्ला शाखा, कैलाली
३. राष्ट्रिय दलित नेटवर्क(RDN), नेपाल
४. दलित महिला संघ, कैलाली
५. दलित सेवा संघ, कैलाली
६. राष्ट्रिय दलित उत्थान संघ, कैलाली
७. समाज उत्थान केन्द्र, कैलाली
८. सृजनशिल समाज, नेपाल
९. दलित जागरण केन्द, कैलाली
१०. ग्रामीण दलित मंच नेपाल
११. नव प्रतिभा समुह, कैलाली